# नेपाल कम्युनिष्ट पार्टी (ने क पा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

## मन्तव्य

महान् सहिद कमरेड भरत ढुङ्गाना 'जङ्गवीर' को राजनीतिक र सामाजिक जीवनका विभिन्न पाटापक्षहरुलाई समावेश गरी स्मारिका प्रकाशन हुन लागेको जानकारी पाउँदा खुसी लागेको छ । कमरेड भरत ढुङ्गाना नेपाली कम्युनिष्ट आन्दोलनका लोकप्रिय युवा नेता हुनुहुन्थ्यो । जनतामा तुरुन्तै घुलमिल हुने जनशैली, सरल जीवनशैली र आफ्नो जिम्मेवारीप्रति गम्भीर र लगनशीलता जस्ता गुणहरुका कारण जनतामा उहाँको बेग्लै पहिचान रहेको थियो ।

कमरेड जङ्गवीरको आदर्शपूर्ण पक्ष नै आन्दोलन प्रतिको निष्ठा, समर्पण, वर्गीय मुक्ति, देशभक्ति र निजी स्वार्थको तिलाञ्जली थियो । उहाँका यिनै आदर्श कम्युनिष्ट आन्दोलनका लागि प्रेरणादायी र अनुकरणीय हुनेछन् ।

तात्कालिन हाम्रो पार्टीले राजनीतिक निकासका लागि प्रतिक्रियावादीहरुसँग सम्वाद र छलफल जारी राखेको र युद्धविरामको अवस्थामा शाही सेनाद्वारा निहत्था उहाँको कायरतापूर्वक हत्या भयो । उहाँको हत्या पश्चात हाम्रो पार्टी शोकमा डुब्यो भने हामी भावविह्वल र चिन्तित बन्यौं । नेपाली क्रान्तिकारी आन्दोलनमा उहाँको बलिदानको उच्च सम्मान गर्दै उहाँप्रति फेरि एकपटक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा सहानुभुति प्रकट गर्दछु ।

महान् सहिदहरुको वीरता, त्याग र बलिदानबाट नै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुगेको हो । यतिबेला नेपाली आमाका सर्वोत्तम छोराछोरीहरुको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धी र जनताको अधिकारमाथि सरकारबाट प्रहार भइरहेको छ । जनताको अधिकारको रक्षा र संविधानले निर्दृष्ट गरेको समाजवादी लक्ष्यमा पुग्न संघर्षका निम्ति आव्हान गर्दै सहिद स्मृति ग्रन्थ प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

*१३ माघ, २०७७*

..............................................

पुष्पकमल दाहाल 'प्रचण्ड'

अध्यक्ष

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९

पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np